Norway

UNDP

# रैथाने बालीहरूको खेती किन गर्ने ?

**रैथाने बाली** भनेका त्यस्ता बालीहरू हुन् जुन कुनै कालखण्डमा सम्बन्धित देश वा भूगोलमा उत्पत्ति भई परापूर्वकालदेखि खेती हुँदै आएका छन् । त्यस्ता रैथाने बालीहरूमा धेरैभन्दा धेरै जातीय तथा आनुवांशिक विविधता पाइन्छ । रैथाने बाली र तिनका जातहरूमा स्थान विशेष गुणहरू पनि विकास भएका हुन्छन् । साथै रैथाने बालीहरूले त्यस क्षेत्रको धर्म-संस्कृति, सामाजिक रहन-सहन तथा खाद्य प्रणालीमा विशेष महत्त्व राख्दछन् । जस्तैः कोदोजन्य बालीहरू (चिनो, कागुनो, कोदो, सामा, जुनेलो, आदि), फापर, जौ, उवा, लट्टे, धान, सिमी, इत्यादि नेपालका रैथाने बालीहरू भित्र पर्दछन् (जोशी बालकृष्ण, २०२३) ।






१. स्थानीय भूगोल, माटो, हावापानी र कृषि प्रणाली सुहाउँदो वा अनुकूलित हुने हुनाले,



२. कम मलजल तथा थोरै लगानीमा पनि उत्पादन लिन सकिने भएकाले,



३. पौष्टिकताका हिसाबले उत्कृष्ट र स्वास्थ्यवर्धक हुने हुनाले,



४. धार्मिक तथा सांस्कृतिक रुपले महत्वपूर्ण हुने हुनाले,



५. आफूलाई आवश्यक पर्ने बीउ आफैँ राख्न सकिने भएकाले,



६. रोग कीराहरू कम लाग्ने वा लागे पनि सहन सक्ने क्षमता भएको हुनाले,



७. सुख्खा, खडेरी, असिना, हावाहुरी इत्यादि सहन सक्ने गुण भएकाले,



८. प्राङ्गारिक तथा पर्यावरणीय कृषिका लागि उपयुक्त हुने हुनाले,



९. रैथाने कृषि उपजहरूको मूल्य र बजार माग बढ्दो क्रममा भएकाले,



१०. कृषि आनुवांशिक स्रोतको संरक्षण र प्राकृतिक उत्परिवर्तनमा टेवा पुग्ने हुनाले ।

LI-BIRD

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)
पोष्ट बक्स नं. : ३२४, पोखरा, कास्की, गण्डकी, नेपाल।
फोन नं. : ०६१ ५८५३५७
ईमेल : info@libird.org | वेबसाइट : www.libird.org

कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा (RERAS)
तयारकर्ता : निरन्जन पुडासैनी र शम्भु बहादुर बस्नेत
डिजाइन : हेम जि.सी.
ईमेज : AI Generated